# वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन निर्देशिका, २०८३

प्रस्तावनाः
शिक्षा ऐन २०२८, दफा १९ (क) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयले "वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन निर्देशिका २०८३" जारी गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "डिजिटल प्रणाली" भन्नाले वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी परामर्शको लागि आएका सेवाग्राहीहरूको विवरण, रोजगारीका अवसर तथा आवश्यक जनशक्ति सम्बन्धी विवरण र वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी जानकारीमूलक सामग्री तथा सफल व्यक्तिहरूको प्रेरणामूलक वृत्तिका सङ्घर्ष र सफलताका कथा राखिने डिजिटल प्रणाली सम्झनु पर्दछ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ।

(ग) "लक्षित वर्ग" भन्नाले विद्यालयमा कक्षा आठ वा सोभन्दा माथि अध्ययनरत विद्यार्थी, युवा, कामदार र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति सम्झनु पर्दछ।

(घ) "वृत्ति" भन्नाले व्यक्तिले आफ्नो ज्ञान, सिप र क्षमताको प्रयोग गरी कुनै पनि नियमित आयमूलक र जीवनयापन गर्न सक्ने विशिष्टीकृत सक्षमता, पेसा वा व्यवसाय सम्झनु पर्दछ।

(ङ) "वृत्ति मार्गनिर्देशन शिक्षक" भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयका वृत्ति मार्गनिर्देशन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम लिएका शिक्षक सम्झनु पर्दछ।

(च) "वृत्ति मार्गनिर्देशन समन्वय एकाइ" भन्नाले वृत्ति मार्गनिर्देशन सेवा सम्वन्धी लक्षित वर्गलाई सेवा दिन यस निर्देशिका बमोजिम शिक्षा विभागअन्तर्गत सञ्चालन हुने वृत्ति मार्गनिर्देशन समन्वय एकाइ सम्झनुपर्छ।

(छ) "वृत्ति मार्गनिर्देशन सेवा" भन्नाले विद्यार्थी, युवा वा कामदारलाई वृत्ति मार्गनिर्देशनको लागि यस निर्देशिका अनुसार प्रदान गरिने सेवा सम्झनु पर्दछ। यस शब्दले वृत्ति सम्वन्धी परामर्श समेतलाई जनाउँछ।

## परिच्छेद - २
## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन व्यवस्था

३. वृत्ति मार्गनिर्देशन सेवाहरूः यस अन्तर्गत देहायबमोजिमका सेवाहरू सञ्चालन गरिनेछः

(क) विद्यार्थी तथा युवाहरूको रुचि, खुवी, क्षमता तथा सबल पक्ष पहिचान र सोअनुरूप वृत्ति विकल्पहरू पहिचान गरी त्यसको योजनाबद्ध विकासका लागि आवश्यक शैक्षिक, प्राविधिक तथा व्यावसायिक एवम् अन्य जानकारीमूलक विवरण प्रदान गर्ने,



चूडामणि पौडेल
सचिव

मापदण्ड तथा आचारसंहिता तय गर्ने,

(घ) वृत्ति, सिप, रोजगारी तथा जीवनपर्यन्त सिकाइ सम्बन्धी सूचनामूलक सामग्रीको मापदण्ड, प्रमाणीकरण, प्रकाशन तथा बहु-माध्यमबाट प्रसारण गर्ने, साथै सम्पूर्ण सामग्रीहरूको डिजिटलाइजेसन गरी लक्षित वर्गको पहुँच सुनिश्चित गर्ने,

(ङ) कामको खोजीमा रहेका युवा, विद्यार्थी तथा कामदारहरूको विवरण, सिप प्रोफाइल तथा शैक्षिक/तालिम संस्थाहरूको तथ्याङ्क सङ्कलन, विश्लेषण र अभिलेखन गर्ने,

(च) श्रमबजार सूचना प्रणालीको आधारमा शैक्षिक संस्था, पेसा तथा वृत्ति सम्बन्धी जानकारी अद्यावधिक गर्ने,

(छ) विद्यार्थी तथा युवाहरूको रुचि, खुबी, क्षमता/दक्षताको मापदण्ड उपकरण/साइकोमेट्रिक टेष्टबाट मूल्याङ्कन (करिअर लेखाजोखा) गर्ने,

(ज) वृत्ति मूल्याङ्कन (करिअर लेखाजोखा) नतिजाको आधारमा व्यक्ति सुहाउँदो विषय, पेसा तथा वृत्तिपथ छनोटका लागि मार्गनिर्देशन/परामर्श सेवा प्रदान गर्ने,

(झ) विद्यार्थी/युवाहरूलाई साधारण शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिमबिच उपयुक्त छनोट गर्न तथ्यमा आधारित परामर्श प्रदान गर्ने,

(ञ) विद्यार्थी, बेरोजगार युवा तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको सिप तथा क्षमताको मूल्याङ्कन गरी रोजगारी तथा स्वःरोजगारका अवसर सम्बन्धी लक्षित परामर्श सेवा प्रदान गर्ने,

(ट) विद्यार्थी तथा युवाहरूको विषयगत ज्ञान, अभिरुचि तथा व्यक्तिगत क्षमताको आधारमा वृत्ति योजना तथा रोजगार/उद्यमशीलता सम्बन्धी मार्गनिर्देशन प्रदान गर्ने,

(ठ) श्रम बजार प्रवेशका लागि आवश्यक करिअर व्यवस्थापन सिपहरू, वैयक्तिक विवरणको तयारी, अन्तर्वार्ता लगायतका सिप विकास गर्न अभिमुखीकरण, तालिम तथा अभ्यास कार्यक्रम सञ्चालन गर्ने,

(ड) जीवनपर्यन्त सिकाइ तथा जीवनोपयोगी सिप विकास, वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी प्रशिक्षण तालिम, गोष्ठी, सिकाइ अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सेवा प्रदायक र सेवाग्राहीको क्षमता अभिवृद्धि गर्ने सञ्चालन गर्ने,

(ढ) विद्यालयदेखि श्रम बजारसम्मको संक्रमणकाललाई सहज बनाउन वृत्ति विकाससँग अपरिहार्य श्रमबजारमुखी पेसा, औद्योगिक अवलोकन, उद्यमशीलता विकास अवधारणा, व्यवसायिक योजना तयारी तथा प्रदर्शनी, इन्टर्नसिप, जब स्याडोइङको अनुभव आदि लगायतका कार्यहरू उपलब्ध गराउने,

(ण) रोजगार तथा वृत्ति विकास सम्बन्धी सूचना तथा सेवामा डिजिटल प्रविधिको विस्तार गरी सर्वसाधारणको पहुँच वृद्धि गर्ने,

(त) निजी तथा विभिन्न संघसंस्थाबाट प्रदान गरिने वृत्ति मार्गनिर्देशन तथा परामर्शसम्बन्धी क्रियाकलापहरूलाई सहजीकरण, व्यवस्थापन तथा नियमन गर्ने,

(थ) वृत्ति मार्गनिर्देशन सेवाको पारस्परिक सिकाइ, अनुभव आदान-प्रदान गर्नको लागि प्लेटफर्महरू विकास गरी सञ्चालन गर्ने,



चूडामणि पौडेल
सचिव

(द) स्नातक तथा स्नातकोत्तर तहमा अध्यनरत विद्यार्थीहरूलाई उनीहरूले अध्ययन गरेको विषय, अभिरुचिको क्षेत्र, व्यक्तिगत क्षमता र दक्षताको मूल्याङ्कनका आधारमा रोजगारी तथा स्वरोजगारीका अवसर र सम्भावनाका बारेमा मार्गनिर्देशन तथा परामर्श गर्ने।

४. **वृत्ति मार्गनिर्देशन सेवा निर्देशक समितिः** (१) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यलाई मार्गनिर्देशन प्रदान गर्न देहायबमोजिमको निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | -संयोजक |
| (ख) महानिर्देशक, शिक्षा विभाग | -सदस्य |
| (ग) कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र | -सदस्य |
| (घ) सदस्य सचिव, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् | -सदस्य |
| (ङ) महाशाखा प्रमुख, प्राविधिक तथा व्यवसायिक शिक्षा महाशाखा, मन्त्रालय | -सदस्य |
| (च) संयोजकबाट तोकिएको वृत्ति मार्गनिर्देशनसम्बन्धी विज्ञ व्यक्ति एक जना | -सदस्य |
| (छ) शाखा प्रमुख, प्राविधिक शिक्षा शाखा, मन्त्रालय | -सदस्य-सचिव |

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(३) समितिको बैठकमा आवश्यकताअनुसार विषय विज्ञहरूलाई आमन्त्रण गर्न सकिनेछ।

५. **वृत्ति मार्गनिर्देशन सेवा निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको ढाँचा र स्वरूप सम्बन्धमा आवश्यक मार्गनिर्देशन गर्ने,

(ख) स्रोत परिचालनको लागि प्रदेश सरकार, स्थानीय तह, गैर सरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,

(ग) वृत्ति मार्गनिर्देशन सेवामा पहुँच विस्तारका लागि आवश्यक कार्य गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवाको लागि सरोकारवालाहरूबिच आवश्यक समन्वय र सहकार्य गर्ने, गराउने,

(ङ) वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक बजेट तथा कार्यक्रम तय गर्नको लागि आवश्यक कार्य गर्ने,

(च) वृत्ति मार्गनिर्देशन सेवालाई कुशल र प्रभावकारी कार्यान्वयनको लागि मन्त्रालय मातहतका निकायहरूमा सम्पर्क (फोकल) व्यक्ति तोक्ने,

(छ) सञ्चालित सेवाको अनुगमन, मूल्याङ्कन र आवश्यक सुधारको लागि निर्देशन दिने।

६. **वृत्ति मार्गनिर्देशन समन्वय एकाइः** (१) यस निर्देशिका अनुसार वृत्ति मार्गनिर्देशन सेवा प्रभावकारी रुपमा सञ्चालन गर्न शिक्षा विभागमा "वृत्ति मार्गनिर्देशन समन्वय एकाइ" रहनेछ।

(२) उपदफा (१) बमोजिमको एकाइ सञ्चालन तथा व्यवस्थापनका लागि शिक्षा विभागबाट विभागमा कार्यरत सम्बन्धित एकजना उपसचिव र एकजना अधिकृतलाई तोकिनेछ।

७. **वृत्ति मार्गनिर्देशन समन्वय एकाइका कार्यः** वृत्ति मार्गनिर्देशन समन्वय एकाइबाट देहायबमोजिमका कार्यहरू सम्पादन हुनेछन्:-

(क) वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्न विभिन्न पद्धति, विधि, सिकाइ सामग्री तथा साइकोमेट्रिक टेष्ट लगायतको प्रयोगबाट लक्षित वर्गको व्यक्तित्व र क्षमता अनुसार उपयुक्त वृत्तिक्षेत्र र वृत्तिपथ पहिचानमा सहयोग पुऱ्याउने,



चूडामणि पौडेल
सचिव

सुमित पोखरेल
मन्त्री
शिक्षा तथा खेलकुद

(ख) वृत्ति मार्गनिर्देशन सेवालाई अडियो तथा भिडियो सामग्रीको विकास गरी सूचना तथा प्रविधिको माध्यमबाट सञ्चालीकरण गर्ने,

(ग) साइकोमेट्रिक जाँचको लागि विभिन्न विधि तथा औजार (टुल्स) विकास गर्ने,

(घ) डिजिटल प्लेटफर्म मार्फत सेवा विस्तार तथा लक्षित वर्गको पहुँच बढाउने,

(ङ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्ने,

(च) आवश्यकता अनुसार व्यक्तिगत तथा सामुहिक परामर्श सेवा समेत उपलब्ध गराउने,

(छ) वृत्ति मार्गनिर्देशन सेवाको प्रभाव मूल्याङ्कन तथा अध्ययन अनुसन्धान गर्ने,

(ज) प्रदेश तथा स्थानीय तहबाट सञ्चालन भइरहेका वृत्ति मार्गनिर्देशन सेवाको एकरुपता र गुणस्तर सुनिश्चितताको लागि समन्वय तथा सहकार्य गर्ने।

## परिच्छेद — ३

## डिजिटल प्रणाली सञ्चालन सम्बन्धी व्यवस्था

८. डिजिटल प्रणाली: (१) वृत्ति मार्गनिर्देशन सेवालाई विद्यार्थी तथा युवा वर्गको सहज पहुँचको लागि मन्त्रालयको वेवसाइटमा रहने गरी वृत्ति मार्गनिर्देशन डिजिटल पोर्टल विकास गरिनेछ।

(२) उपदफा (१) बमोजिमको पोर्टलमा सिकाइ सामग्री, अडियो, भिडियो, छात्रवृत्ति सम्बन्धी जानकारी, शिक्षण संस्था र विषयहरूको जानकारी, श्रम बजारको जानकारी, सफलताका कथाहरू लगायतका सूचना-सामग्री समावेश गरिनेछ।

(३) उपदफा (२) बमोजिम आवश्यक सम्पूर्ण सामग्रीको विकास वृत्तिमार्गनिर्देशन सेवा समन्वय एकाइबाट गरिनेछ।

(४) उपदफा (३) बमोजिम विकास गरिएका सामग्री मन्त्रालयले स्वीकृत गरी वृत्ति मार्गनिर्देशन पोर्टलमा समावेश गर्नेछ।

(५) वृत्ति मार्गनिर्देशन सेवा डिजिटल पोर्टललाई वृत्ति मार्गनिर्देशन समन्वय एकाइको आवश्यक सहयोग लिई मन्त्रालयले नियमित रुपमा अद्यावधिक गर्नेछ।

(६) प्रदेश र स्थानीय तहबाट डिजिटल पोर्टल मार्फत सञ्चालन भइरहेका वृत्ति मार्गनिर्देशन सेवाहरूसँग पोर्टलको अन्तरआवद्धता कायम गरिनेछ।

## परिच्छेद — ४

## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनमा विभिन्न निकायहरूको भूमिका

९. मन्त्रालयको भूमिका: वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनमा मन्त्रालयको भूमिका देहायबमोजिम हुनेछ:-

(क) वृत्ति मार्गनिर्देशन सेवा कार्यान्वयन, सान्दर्भिक एवम् गुणस्तरीय बनाउन आवश्यक नीतिगत व्यवस्था, मापदण्ड निर्माण र आवश्यक निर्देशन दिने,

(ख) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने,

(ग) वृत्ति मार्गनिर्देशन सेवाको प्रभावकारी कार्यान्वयनका लागि अन्य मन्त्रालय, दातृनिकाय, निजी क्षेत्र र सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवाको लागि आवश्यक पर्ने सूचना, सञ्चार तथा सिकाइ सामग्रीहरूको व्यवस्थापनका लागि डिजिटल प्लेटफर्मको व्यवस्थापन र सञ्चालन गर्ने,

सुमित पोखरेल
मन्त्री
शिक्षा तथा खेलकुद

चूडामणि पौडेल
सचिव

(ङ) वृत्ति मार्गनिर्देशन सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने,

(च) वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रमको अनुगमन एवम् आवश्यक सुधारको लागि निर्देशन दिने।

९.१ <u>शिक्षा विभागको भूमिका:</u>

(क) वृत्ति मार्गनिर्देशन सेवा तथा कामको संसार चिनाउने कार्यक्रम सञ्चालन सहयोगी पुस्तिका जस्ता आवश्यक स्रोत सामग्री विकास, व्यवस्थापन एवम् सहजीकरण गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी शैक्षिक तथा सन्दर्भ सामग्रीको विकास, प्रमाणीकरण र प्रचार/प्रसार कार्य गर्ने,

(ग) माध्यमिक विद्यालयका शिक्षकहरू र स्वतन्त्र वृत्ति परामर्शकर्ताहरूका लागि वृत्ति मार्गदर्शनसम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार र स्थानीय तहलाई प्राविधिक सहयोग गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवा प्रवाहको लागि प्रदेशअन्तर्गत शिक्षा तालिम केन्द्र तथा स्थानीय तहहरूबिच समन्वयात्मक भूमिका निर्वाह गर्ने,

(ङ) वृत्ति मार्गनिर्देशन शिक्षकको तालिमका लागि पाठ्यक्रम निर्धारण तथा विकास गर्ने,

(च) शिक्षक/प्रशिक्षकको क्षमता अभिवृद्धिको लागि पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्ने,

(छ) शिक्षक/प्रशिक्षकको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,

(ज) वृत्ति मार्ग निर्देशन सेवा प्रभावकारी रुपमा सञ्चालनको लागि अनुगमन गरी आवश्यक प्राविधिक सहायता प्रदान गर्ने,

(झ) वृत्ति मार्गनिर्देशन कार्यक्रमसम्बन्धी बजेट व्यवस्थापनको लागि योजना निर्माण गर्ने,

(ञ) वृत्ति मार्गनिर्देशन सेवाको अध्ययन, अनुसन्धान तथा गुणस्तरको मूल्याङ्कन गर्ने।

९.२ <u>पाठ्यक्रम विकास केन्द्रको भूमिका:</u>

(क) वृत्ति मार्गनिर्देशन कार्यक्रमका विषय वस्तुलाई माध्यमिक तहको पाठ्यक्रममा समावेश गर्ने र कार्यक्रम सञ्चालन समयावधि शैक्षिक क्यालेन्डरमा निर्धारण गर्ने,

(ख) पाठ्यक्रम अनुसार आवश्यक पाठ्यसामग्रीहरूको विकास/निर्माण गर्ने,

(ग) शिक्षक निर्देशिका, शिक्षक स्रोतसामग्री निर्माण लगायत आवश्यक कार्य गर्ने।

९.३ <u>शिक्षा विकास तथा समन्वय एकाइको भूमिका</u>:

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि प्रदेश स्तरीय वृत्ति मार्गनिर्देशन सेवा केन्द्र, स्थानीय तह अन्तर्गत वृत्ति मार्गनिर्देशन एकाइ तथा विद्यालयहरूसँग समन्वय गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवालाई प्रभावकारी कार्यान्वनको लागि सम्पर्क सेतुको कार्य गर्ने,

(ग) वृत्ति मार्गनिर्देशन कार्यक्रमको नियमित अनुगमन तथा सुपरिवेक्षण कार्य गर्ने।

१०. <u>राष्ट्रिय परीक्षा बोर्डको भूमिका</u>:

(क) एसइई र कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थीहरूको लागि वृत्ति मार्गदर्शन वुथ, करिअर वुटक्याम्प सञ्चालन गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवा को मूल्याङ्कनसँग सम्बन्धित कार्य गर्ने,

चूडामणि पौडेल
सचिव

सस्मित पोखरेल
मन्त्री
...तथा खेल...

(ग) वृत्ति मार्गनिर्देशन सेवाको मूल्याङ्कन तथा परीक्षासँग सम्बन्धित प्रणालीको विकास र सोको कार्यान्वयन गरी अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(घ) विद्यार्थीहरूलाई वृत्ति मार्ग निर्देशन अनलाइन सत्रहरूमा उपस्थित हुन प्रोत्साहित गर्ने।

११. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को भूमिकाः

(क) प्रदेश तथा स्थानीय तहहरूमा रहेका प्राविधिक शिक्षालय/विद्यालयहरूसँग समन्वय गरी वृत्ति मार्गनिर्देशन सेवा प्रवाहको लागि सहजीकरण गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवा प्रवाहका लागि आवश्यक नीतिगत व्यवस्था, मापदण्ड निर्माण, आवश्यक स्रोत व्यवस्थापन एवम् सहजीकरण गर्ने,

(ग) प्राविधिक शिक्षालय/विद्यालयहरूमा सञ्चालन हुने वृत्ति मार्गनिर्देशन सेवाको पाठ्यक्रम प्रारुप, मोड्युल सञ्चालनका लागि प्राविधिक सहयोग, अनुगमन तथा नियमन सम्बन्धी कार्य गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सम्बन्धी शैक्षिक तथा सन्दर्भ सामग्रीको विकास र प्रचार-प्रसार कार्य गर्ने,

(ङ) परिषद् मातहतमा रहेका सम्बन्धित कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न प्राविधिक प्रशिक्षण प्रतिष्ठानसँग समन्वय गर्ने,

(च) प्राविधिक शिक्षालय/विद्यालयअन्तर्गत भएका रोजगार पदस्थापन, परामर्श तथा व्यवस्थापन एकाइलाई क्रियाशील गरी सेवा प्रदानको लागि सहजीकरण गर्ने,

(छ) राष्ट्रिय तथ्याङ्क कार्यालय, श्रम मन्त्रालय, क्षेत्रगत सिप समिति, उद्योग वाणिज्य सङ्घ/महासङ्घ, रोजगार पोर्टल लगायतसँग समन्वय र सहकार्य गरेर श्रम बजारसम्बन्धी पेसागत प्रोफाइल, श्रम बजारको माग लगायतका जानकारीहरू अद्यावधिक गर्ने।

१२. निजीक्षेत्र/शिक्षकको पेसागत महासङ्घको भूमिकाः

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको सम्पूर्ण संस्थागत विद्यालयसँग समन्वय तथा सहकार्य गर्ने,

(ख) बजारको माग अनुसारको आवश्यक सिप तथा क्षमताको पहिचान गरी सम्बन्धित निकायसँग समन्वय गर्ने,

(ग) आधुनिक वृत्तिक्षेत्र, श्रमबजारको अवस्थाको जानकारी तथा अभिमुखीकरणको लागि सहजीकरण गर्ने,

(घ) वृत्ति मार्गनिर्देशन सेवाको आवश्यक सूचना, तथ्याङ्क साथै सिकाइ र असल अभ्यासलाई प्रचारप्रसार गर्न सहयोग गर्ने,

(ङ) वृत्ति मार्गनिर्देशन सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि समन्वयात्मक भूमिका निर्वाह गर्ने।

१३. युवा परिषद्/सञ्जालहरूको भूमिकाः

(क) वृत्ति मार्गनिर्देशन सेवा, सिकाइ र असल अभ्यास बारेमा प्रचार-प्रसारका लागि समन्वय गर्ने,

(ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि आवश्यक सहयोग गर्ने,

(ग) वृत्ति मार्गनिर्देशन सेवा दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने।

चूडामणि पौडेल
सचिव

सस्मित पोखरेल
मन्त्री
शिक्षा तथा खेल

## परिच्छेद — ५

### अनुगमन तथा सुपरिवेक्षणसम्बन्धी व्यवस्था

१४. <u>वृत्ति मार्गनिर्देशन सेवाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था:</u> वृत्ति मार्गनिर्देशन सेवाको गुणस्तर र प्रभावकारिताको अनुगमन तथा सुपरीवेक्षण मन्त्रालय, शिक्षा विभाग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र वृत्ति मार्गनिर्देशन सेवा निर्देशक समितिबाट हुनेछ।

१५. <u>मन्त्रालयसँग समन्वय गर्नुपर्ने:</u> वृत्ति मार्गनिर्देशनसेवा सम्बन्धी कार्य सञ्चालन गर्ने वा सहयोग गर्ने विकास साझेदार, गैर सरकारी तथा निजी संघ/संस्थाहरूले मन्त्रालयसँग समन्वय गरी सहकार्य गर्नुपर्नेछ।

१६. <u>सम्पर्क व्यक्ति (फोकल पर्सन) सम्बन्धी व्यवस्था:</u> वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यका लागि सरोकारवाला निकायले कार्यक्रमको सम्पर्क व्यक्ति तोक्नु पर्नेछ।

१७. <u>प्रतिवेदन सम्बन्धमा:</u> वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्ने विद्यालय, शिक्षालय, स्थानीय तह अन्तर्गतका वृत्ति मार्गनिर्देशन एकाइ, प्रदेश स्तरीय वृत्ति मार्गनिर्देशन सेवा केन्द्र र अन्य निकायबाट सञ्चालित सेवाको तथ्याङ्क मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेको वृत्ति मार्गनिर्देशन डिजिटल पोर्टलमा प्रविष्ट गर्नुपर्नेछ।

## परिच्छेद – ६

### विविध:

१८. <u>बजेट व्यवस्थापन तथा बजेट प्रवाह संयन्त्र:</u>- (१) वृत्ति मार्गनिर्देशन सेवाको लागि मन्त्रालयले कार्यक्रम र बजेट व्यवस्थापन गर्नेछ।

(२) मन्त्रालयले यस क्षेत्रमा कार्यरत संघ, संस्था तथा विकास साझेदारहरूको सहकार्यमा उक्त सेवाहरू सञ्चालन गर्न सक्नेछ।

१९. <u>निर्देशिका संशोधन:</u> नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयले आवश्यकताअनुसार यो निर्देशिका संशोधन गर्न सक्नेछ।

चूडामणि पौडेल
सचिव

सस्मित पोखरेल
मन्त्री
शिक्षा तथा खेलकुद